# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

भाडाका सवारी साधन दर्ता गर्दा नियम विपरित दर्ता गरेको र पुरानो सवारी साधन विस्थापित गर्दा प्रक्रिया नपुऱ्याई विस्थापन गरी नयाँ सवारी साधन दर्ता गरेको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय गण्डकी अञ्चल पोखराका तत्कालीन शाखा अधिकृत हाल स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा बिभाग, टेकु, काठमाडौंमा कार्यरत उपसचिव बाबुराम लामिछाने र हाल यातायात ब्यवस्था कार्यालय, भरतपुरमा कार्यरत नायब सुब्बा ऋषिराम ढकालले सवारी दर्ता ढड्डामा बदनियतपूर्वक बिभिन्न मितिमा सवारी दर्ता गरिएका ठाउँमा पछी सरकारी कागजात सच्याई सवारी दर्ता गरेको देखिएको हुँदा निज राष्ट्रसेकहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कसुर गरेको सप्रमाण पुष्टि हुन आएको हुँदा निजलाई सोही ऐनको सोही दफा बमोजिम सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता